

घरमा भएका पुस्तक तथा अरू ज्ञानवर्धक सामग्रीहरू पढेर

१




चित्र बनाउने, गीत सुन्ने, नाच्ने, गाउने, अभिनय गर्ने, कविता लेख्नेलगायत रचनात्मक काम गरेर

२



आफूभन्दा साना भाइबहिनीलाई पढ्न सिकाएर

३



आफूले नजानेका कुराहरू शिक्षक र माथिल्लो कक्षाका दाजुदिदीलाई सोधेर

४



बुवा, आमा, दाजु र दिदीसँग भलाकुसारी गरेर

५



रेडियो, टेलिभिजनलगायत अन्य अनलाइन माध्यमबाट प्रसारित सामग्रीहरू हेरेर र सुनेर

६



घरको काममा बुवा, आमा, दाजु र दिदीलाई सघाएर

७



घर र समुदायमा खेल्न सकिने विभिन्न किसिमका खेलहरू खेलेर

८



# साना भएर के भो, यसरी पनि त सिक्न सक्छौँ हामी !










रमाइला र सकारात्मक सन्देश दिने कथाको किताब छनोट गरौं।

कथा भन्नुअघि बालबालिकालाई कथाको पहिलो पृष्ठ देखाउँदै शीर्षक र पृष्ठभूमिबारे बुझिने गरी बताइदिऔं।

कथामा प्रयोग हुने शब्द, विषयवस्तु तथा अवधारणा नयाँ छन् भने कथा भन्नुअघि बालबालिकासँग छलफल गरौं।

पुस्तकको प्रत्येक पृष्ठ देखाउँदै लय, गति र हाउभाउसहित कथावाचन गरौं।



# कथा भन्ने, सुन्ने सधैं बानी बसाऔं। रमाउँछन् नानीबाबु, व्यथा भुलाऔं॥

तपाईंले जानेका लोककथा, दन्त्यकथा, नीतिकथा, पौराणिक कथा र आफूले भोगेका प्रेरणादायी घटनालाई पनि कथाका रूपमा भन्न सकिन्छ। सकेसम्म किताबका कथा सुनाऔं। अन्त्यमा कथाले दिने पाठ/सन्देश पनि प्रस्ट्याउन नछुटाऔं।

कथावाचन गरिसकेपछि बालबालिकालाई कथासँग सम्बन्धित प्रश्नहरू सोधौं।

कथामा भएका पात्रहरू बनेर अभिनय गर्ने खेल खेलौं।

बालबालिकालाई कथाको सारांश बताऔं र अब 'तिमीहरू पनि कथा भन...' भनेर प्रोत्साहन गरौं।











Save the Children

आजको शिक्षा साप्ताहिक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

poster 18x24 one.indd 2 12/27/2021 10:21:53 AM